प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार

- सार्वजनिक निकायमा भएका सूचना माग्ने र पाउने हक प्रत्येक नागरिकलाई हुनेछ,
- सूचना माग भएमा उपलब्ध गराउने दायित्व प्रत्येक निकायका पदाधिकारीको हुनेछ,
- मागेको सूचना तोकिएको अवधिमा नपाएमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिनेछ,
- नागरिकको सूचना माग्ने, पाउने हकको संरक्षणर प्रवर्द्धन गरौं।

राष्ट्रिय सूचना दिवस २०८२ भाद्र ३ गते भव्य रुपमा मनाऔं

सूचना विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १८८ ॥ २०८२ भाद्र ०३ गते मंगलबार (19th Aug 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

कुवेतमा विषाक्त मदिरा सेवनबाट कचनकवलका राजवंशीको पनि मृत्यु

झापा(प्रस) । खाडी मुलुक कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु हुने १६ नेपाली श्रमिकमध्ये एकजना झापाका रहेका छन् ।

झापा कचनकवल ७ का जात्रु राजवंशीका छोरा २९ वर्षीय रमेश राजवंशीको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको हो । निलकमल ह्युमन रिसोर्स प्रालिबाट उनी तीन वर्षअघि कुवेत गएका थिए । इन्टरनेशनल फर जनरल ट्रेडिङ एण्ड कन्ट्र्याक्टिङ कम्पनीमा उनी क्लिनरको काम गर्थे । कचनकवलका रमेश राजवंशीको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको खबर आएको छिमेकी मोहन खनाललेे जानकारी दिए ।

कुवेतस्थित नेपाली दूतावासका अनुसार पछिल्ला चार दिनमा १६ नेपाली श्रमिकको ज्यान गएको हो भने बिरामी अवस्थाका ४० जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । कुवेतको साल्मिया क्षेत्रमा रहेका नेपाली र भारतीयलगायत विभिन्न मुलुकका नागरिकले त्यस्तो मदिरा सेवन गरेको पाइएको छ ।

कुवेतको स्वास्थ्य मन्त्रालयले २३ विदेशी श्रमिकको मदिरा सेवनका कारण मृत्यु भएको जनाएको छ । मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार मिथानोलयुक्त मदिरा सेवनका कारण १ सय ६० श्रमिक बिरामी परेका छन् । मिथानोल उद्योगमा प्रयोग हुने

रसायन भए पनि मदिरामा त्यसको प्रयोग गरेको पाइएको हो ।

पीडित सबै एसियाली मुलुकका श्रमिक छन् । अघिल्लो शनिबारबाटै एकपछि अर्को श्रमिक बिरामी पर्न थालेका थिए । अस्पतालमा भर्ना हुनेको संख्या बढ्न थालेपछि कुवेतको लागूऔषध नियन्त्रण केन्द्र र सुरक्षा एजेन्सीसहितका निकाय सक्रिय भएका थिए । कुवेती स्वास्थ्य मन्त्रालयको विज्ञप्तिमा ३१ जना बिरामीको भेन्टिलेटरमा उपचार भइरहेको उल्लेख छ । त्यस्तै ५१ जनालाई आपत्कालीन मिर्गौला डायलसिस जारी रहेको भनिएको छ ।

कतिपय आकस्मिक रूपमै अन्धोपनको सिकार पनि भएको जानकारी गराइएको छ । धेरै बिरामीलाई सघन उपचार कक्षमा राखेर चिकित्सकको २४ घण्टे निगरानीमा राखिएको छ । विषाक्त मदिरा कहाँबाट आयो, त्यसको कुवेत सरकारले अनुसन्धान गरिरहेको छ ।

यसैबीच कुवेत प्रहरीले विषाक्त मदिरा उत्पादन गरी बिक्री गरेको आरोपमा दुई नेपालीसहित ६७ जना पक्राउ गरेको छ । उनीहरुलाई शनिबार पक्राउ गरिएको कुवेतको गृह मन्त्रालयले जनाएके छ ।

पक्राउ पर्ने नेपालीमा भुवनलाल तामाङ र नारायणप्रसाद बस्याल रहेका छन् । पक्राउ परेका अन्यमा भारतीय र बंगलादेशी नागरिक रहेका छन् ।

कुवेतमा गतसाता विषाक्त मदिरा सेवन गरेका २३ जनाको मृत्यु भएको छ । जसमध्ये १६ जना नेपाली रहेका छन् । विषाक्त मदिरा सेवन गरी अशक्त बनेका १६० जना बढी स्थानीय अस्पतालमा उपचाररत रहेका छन् । जसमध्ये ३६ जना नेपाली रहेका छन् । कुवेतमा मदिरा सेवन प्रतिबन्ध रहेको छ ।

राप्रपामाथि दुर्गा प्रसाई खनिए
लिङ्देनमाथि गाडी चोरीको आरोप

झापा(प्रस)। करिव अढाई महिना जेल बसेर रिहा भएका नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं राष्ट्रिय प्रजातन्त्र पार्टीमाथि खनिएका छन् । उनले राप्रपासँगै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनमाथि समेत गंभीर आरोप लगाए । ७८ दिन जेल बसेर रिहा भएका प्रसाईले सोमवार पहिलो पटक पत्रकार सम्मेलन गरी गत चैत १५ गते तीनकुनेमा भएको आन्दोलनमा राप्रपाले मिलेर छुरी हानेको आरोप लगाएका हुन् । आफ्नो निवास भक्तपुरमा पत्रकार सम्मेलन गर्दै प्रसाईले भने 'राप्रपाका राजेन्द्र लिङ्देन दाईलाई म के भन्छु भने यो त बैंक ठग हो हजुर बैंक ठग हो भन्थे । उसलाई भन्दिनु १५ गते जुन धोका दिर्यौं । अब जीवनमा तिमीले धोका दिन सक्दैनौं । मलाई १५ गते राप्रपाले मिलेर छुरी हानेको छ । म बाँच्न सफल भएको मान्छे हो ।' उनले राप्रपा अध्यक्ष लिङ्देनलाई गाडी चोरेर पाटपुर्जा बेच्ने परिवारको संज्ञा दिएका छन् । लिङ्देनलाई भारतबाट गाडी चोरेर ल्याएर झापामा काटेर बेच्ने परिवारसँग जोडेर उनले आरोप लगाएका हुन् ।

लिङ्देनले आफूलाई बैंक ठग भनेर लगाएको आरोपको जवाफ दिँदै प्रसाईले बैंकहरुको अहिलेसम्म ब्याज तिरिरहेको कहिकतै कालोसूचीमा नरहेको दावी गरे । राज्यसत्ता आफ्नो आन्दोलनबाट आत्तिएकाले विभिन्न लाञ्छना लगाएको समेत उनले दावी गरे । 'हाम्रो अभियानले आम नागरिकलाई सचेत गरायो । चैत १५ गते मार्छन् भन्ने हामी सबैलाई थाहा थियो । म तयारीसाथ गएको थिएँ । तीनकुने पुग्नु ४५ मिनेट अगाडि नै गोली चलेको थियो । मञ्चको पछाडिको घरबाट गोली मलाई चलाएको थियो । अघिल्लो दिन नै तलाई मार्छ भनेको थियो । राज्यसत्ता हामीसँग डरायो । जो नयाँ शक्ति आउँछ, राज्यसत्ता डराउँछ', उनले भने, 'धक्कामुक्का नगर्नोस् भन्दाभन्दै पनि गोली चलायो । मलाई इन्काउन्टर गर्ने आदेश रहेछ ।'

प्रसाईले आफ्नो पालो नआउने देखेर नै राजा वीरेन्द्र र एमालेका तत्कालीन महासचिव मदन भण्डारीलाई मारिएको आरोप समेत लगाउन भ्याए । 'यो देशमा मदन भण्डारी बाँचेको भए अरूको चान्स आउने थिएन । राजा वीरेन्द्रलाई नमारेको भए हिन्दु राष्ट्रको अस्तित्व जाने थिएन । यहाँ कसरी कुर्सी तान्ने, सत्ताको लुछाचुँडी गर्ने यी सबै खेल भइरहेको छ ' उनले भने ।उनले राजनीतिक पार्टी खोल्ने र पार्टीको नाम छिट्टै घोषणा गर्ने बताएका छन् ।

इक्यान झापाले बुझायो प्रजिअलाई ज्ञापनपत्र

बिर्तामोड(प्रस) । नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले शैक्षिक परामर्श ब्यवसायलाई मर्यादित र ब्यवस्थित बनाउन आवश्यक सहयोग गरिदिन आग्रह गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

शैक्षिक परामर्श व्यवसाय विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि अन्तर्राष्ट्रिय अध्ययनसम्बन्धी जानकारी, मार्गदर्शन र सेवा प्रदान गर्ने एउटा महत्वपूर्ण क्षेत्र भएको भन्दै पछिल्ला दिनमा केही भ्रामक गतिविधिहरु र गैरजिम्मेवार अभ्यासका कारण यस क्षेत्रमा प्रश्न उठ्न थालेकाले समग्र व्यवसायको विश्वसनीयता र मर्यादामा गम्भीर असर परेको इक्यान झापाले बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

इक्यान झापाका अध्यक्ष रोशन सुवेदी र सचिव अशोक भण्डारीले हस्ताक्षर गरेको ज्ञापनपत्रमा भनिएको छ- हामी नेपाल शैक्षिक परामर्श संघ झापा शाखा यस क्षेत्रमा कार्यरत सम्पूर्ण व्यवसायीहरुलाई एकीकृत गर्दै शैक्षिक परामर्श व्यवसायलाई थप मर्यादित, पारदर्शी र व्यवस्थित बनाउन चाहन्छौ । नेपाल शैक्षिक परामर्श संघ झापा शाखामा करिव ५० शैक्षिक परामर्श व्यवसायीहरु आवद्ध भएको र हाम्रो संघमा आवद्ध भएको हरेक व्यवसायीहरु राज्यको नियम कानुनको परिधिमा रहि विशुद्ध शैक्षिक परामर्श व्यवसाय संचालन गर्दै आएको जानकारी गराउँदछौ ।

पछिल्लो समयमा शैक्षिक परामर्श व्यवसायप्रति नकारात्मक टिकाटिप्पणी तथा गलत अफवाह फैल्याउने काम भइरहेको भन्दै इक्यान झापाले प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै आफूहरु राज्यको नियम र कानुन अनुसार सञ्चालनमा रहे पनि केही कन्सल्टेन्सीको बदमासीका कारण सबै लज्जित हुनुपर्ने अवस्था आएको बताइएको छ । इक्यानमा आवद्ध नै नभएका र राज्यको सम्वन्धित निकायहरुमा दर्ता प्रकृयामा समेत सामेल नभएका कन्सल्टेन्सीको नाममा भिजिट भिजा, राम्रो कामको अवसर, रोजगारीको ग्यारेन्टी, भिजा ग्यारेन्टी, विभिन्न उपहारको प्रलोभन देखाएर विद्यार्थीहरुलाई विदेश पठाउनेक्रममा धेरै ठगी तथा गलत सूचना प्रदान गरेको गुनासो नेपाल शैक्षिक परामर्श संघमा समेत प्राप्त भएकाले त्यस्ता कन्सल्टेन्सीको नाममा अनुचित कार्यहरु गर्ने संस्थाहरुको अनुगमन र नियमन गरिदिन आग्रह गरिएको हो । इक्यान झापामा आवद्ध कुनै पनि कन्सल्टेन्सीहरुले गलत गरेको पाइएमा सदस्यता खारेज गरि तत्काल सम्वन्धित निकायमा आवश्यक कानुनी कारबाही गर्नका लागि सिफारिस गर्न आफुहरु तयार रहेको इक्यान झापाका अध्यक्ष सुवेदीले जानकारी दिए । झापामा सयभन्दा बढी कन्सल्टेन्सीहरु सञ्चालनमा रहेको बताइएको छ ।

इक्यान झापाले जिल्लामा क्रियाशील शैक्षिक परामर्श व्यवसायलाई दर्ता, नवीकरण र नियमनमा कडाई गरि नुपर्ने, विद्यार्थीहरुको हितविपरीत हुने अव्यवस्थित अभ्यासलाई नियन्त्रण गर्नुपर्ने, व्यवसायीहरुलाई कानूनी दायरा र निर्धारित मापदण्डभित्र रहेर काम गर्न प्रेरित र प्रोत्साहित गर्नुपर्ने, नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापा शाखासँग समन्वय गरी यस क्षेत्रलाई पारदर्शी र परिणाममुखी बनाउन सहजीकरण गर्नुपर्ने लगायतका माग समेत प्रमुख जिल्ला अधिकारीसमक्ष राखेको छ । ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारीले जिल्लामा सञ्चालित कन्सल्टेन्सीहरुको अनुगमन गर्ने बताए । नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले आफैं अनुगमन गरिदिन आग्रह गर्नु सकारात्मक कुरा भएको भन्दै कन्सल्टेन्सीहरुको सञ्चालनसम्बन्धी कार्यविधिका विषयमा अध्ययन गरेर छिट्टै जिल्लाभर अनुगमन गर्ने प्रजिअ अधिकारीले प्रतिबद्धता जनाए ।

उनले शैक्षिक परामर्श ब्यवसायलाई

❖ बाँकी अन्तिम पृष्ठमा

लम्पी स्किनले झापामा ४३७ चौपायाको मृत्यु

झापा(प्रस) । करिब दुई महिनाअघि झापामा फैलिएको लम्पी स्किन रोग अझै नियन्त्रणमा आउन सकेको छैन ।

पशु सेवा विज्ञ केन्द्र झापाको साउन मसान्तसम्मको तथ्यांक अनुसार झापामा लम्पी स्किन रोगबाट ४३७ वटा चौपाया मरेका छन् भने १५ हजार १५८ वटा चौपाया प्रभावित भएका छन् ।

बाह्रदशीमा ८९ , कन्काईमा ८७ , अर्जुनधारामा ४६ , भद्रपुरमा ३६ , बुद्धशान्तिमा २९ , कचनकवलमा २८ , झापा गाउँपालिकामा २४ , हल्दिवारीमा २२ , बिर्तामोडमा १९ , गौरीगञ्जमा १३ , गौरादहमा १२ , मेचीनगरमा १० , दमक र शिवसताक्षीमा ८-८ र कमलमा ६ वटा चौपाया मरेको तथ्यांकले देखाएको छ ।

त्यस्तै जिल्लामा सबैभन्दा बढी चौपाया बाह्रदशीमा संक्रमित भएका छन् । त्यहाँ ३ हजार ८०४ वटा चौपाया संक्रमित भएका हुन् । त्यसपछि बुद्धशान्तिमा १ हजार ७३६ वटा चौपाया संक्रमित भएका छन् । त्यस्तै मेचीनगरमा १ हजार ३६० , कचनकवलमा १ हजार १२१ , अर्जुनधारामा ९०१ , गौरीगञ्जमा ८८९ , बिर्तामोडमा ८६० , शिवसताक्षीमा ७५६ , भद्रपुरमा ७३६ , कनकाईमा ७२६ , झापा गाउँपालिकामा ५९६ , कमलमा ५५० , गौरादहमा ३९० , हल्दिवारीमा ३७४ र ३५९ वटा चौपाया संक्रमित भएका छन् ।

झापामा अहिलेसम्म ९९ हजार ६७४ वटा चौपायालाई लम्पी स्किनविरुद्धको भ्याक्सिन दिइएको पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शितल भट्टराईले जानकारी दिएकी छन् ।

शरीरमा पेट्रोल छर्केर आगो लगाई महिला घाइते

झापा(प्रस) । झापाको दमकमा एक महिलाले आफ्नो शरीरमा पेट्रोल छर्केर आगो लगाई आत्मदाहको प्रयास गरेकी छन् । सोमवार दिउँसो ४.३० बजे दमक नगरपालिका १ भानुभक्त चोक बस्ने मनोज साहकी श्रीमती ३० वर्षीया शोभा साहले आफ्नै तीनतले पक्की घरको दोस्रो तलामा आफू सुत्ने कोठाको ढोका थुनेर पेट्रोल आफ्नो शरीरमा छर्की आगो लगाएकी थिइन् । घाइतेलाई दमक अस्पताल दमकमा ल्याई सामान्य उपचारपश्चात् थप उपचारको लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ । बोल्न नसक्ने उनको अबस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

घरायसी विवादमा श्रीमतीद्वारा श्रीमानमाथि तेजाब प्रहार

झापा(प्रस)। ताप्लेजुङमा घरायसी विवादलाई लिएर श्रीमतीले श्रीमानमाथि तेजाब प्रहार गरेकी छन् ।

सोमवार दिउँसो १२ बजे ताप्लेजुङ मेरिङ्देन गाउँपालिका .२ सान्थाक्रा बस्ने ३५ वर्षीय खड्कबहादुर लोहारलाई उनकी श्रीमती ३६ वर्षीया अनिता लोहारले घरायसी विवादलाई लिएर तेजाब प्रहार गरेकी हुन् । घाइतेलाई आज साँझ जिल्ला अस्पताल ताप्लेजुङमा ल्याई उपचार भइरहेको छ ।

उनको अनुहार,दुबैपट्टीको खुट्टा,दाहिने हातको पाखुरा जलेको छ । तेजाब प्रहार गर्ने महिला घरमै रहेको बताइएको छ ।

उपेन्द्रमाथि गौर हत्याकाण्डमा अनुसन्धान अघि बढाउन सर्वोच्चको परमादेश

झापा(प्रस)। सर्वोच्च अदालतले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवविरुद्ध रौतहटको गौर हत्याकाण्ड विवादमा अनुसन्धान अघि बढाउन परमादेश जारी गरेको छ। न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले सोमबार जिल्ला प्रहरी कार्यालय रौतहटलाई गौरहत्या काण्ड विवादमा यादवमाथि अनुसन्धान अघि बढाउन भनेको हो।

हत्याकाण्ड भएको वर्षौं बितिसक्दा पनि राज्यले दोषीलाई कारबाही गर्न नसकेको भन्दै सर्वोच्च अदालतमा २०८० साल जेठ २१ गते रिट दायर भएको थियो। सोही मुद्दामाथि सुनुवाई गर्दै सर्वोच्चले १९ वर्षपछि यादवमाथि अनुसन्धान अघि बढाउन परमादेश जारी गरेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहट गौर र जिल्ला सरकारी वकिल कार्यालय रौतहट गौरसमेतलाई विपक्षी बनाई पीडित परिवारका तर्फबाट त्रिभुवन साहले मुद्दा दर्ता गराएका थिए। २०६३ चैत ७ गते तत्कालीन मधेसी जनाधिकार फोरम र नेकपा माओवादीका कार्यकर्ताबीचको झडपमा २७ जना माओवादी कार्यकर्ताको ज्यान गएको थियो। त्यतिबेला यादव मधेशी जनाधिकार फोरमका अध्यक्ष थिए।

२०६३ साल चैत्र ७ गते रौतहटको सदरमुकाम गौरस्थित राईस मिलको चौरमा तत्कालीन मधेशी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एउटै चौरमा सभा गर्न लाग्दा दुई पक्षबीच झडप भएको थियो।

झडपमा परी २७ जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो। सो घटनामा ५० भन्दा बढी माओवादी कार्यकर्ता घाइते भएका थिए। माओवादी कार्यकर्तालाई लक्षित गरी गरिएको आक्रमण पूर्वनियोजित तथा संगठित रूपमा भएको राष्ट्रिय मानवअधिकार आयोगले घटनाको छानबिनपछि ठहर गरेको थियो। यादवविरुद्ध 'गौर हत्याकाण्ड' विवादमा अनुसन्धान अघि बढाउन सर्वोच्च अदालतले परमादेश जारी गरेपछि पार्टीभित्र आकस्मिक छलफल भएको छ। काठमाडौंको बबरमहलस्थित एक रेस्टुरेन्टमा आयोजित पार्टी प्रशिक्षण कार्यक्रममा छलफल भएको बैठकमा सहभागी एक नेताले बताए।

सिनेमा हलको भीड सम्झाउने प्रादेशिक अस्पतालको काउन्टर

झापा(प्रस) ॥ ९० को दशकमा “कुछ कुछ होता है”, “दिलवाले”, “देउता” वा “साथी” जस्ता चलचित्र लाग्दा सिनेमा हलमा टिकट काट्नको लागि मारामार हुने गर्थ्यो। टोलका दादा भनेर चिनिने केटाहरूले भीड चिरेर पहिला टिकट काट्थे, त्यसपछि बल्ल अरूको पालो आउँथ्यो। महिला वा शान्त स्वभावका मानिसलाई त अझ गाह्रो हुन्थ्यो। ती दृश्यहरू त्यो समयको सिनेमा संस्कृतिको थियो।

तर यस्तै दृश्य अहिले अस्पतालमा देखिन्छ भन्ने सुन्दा अचम्म लाग्छ। प्रादेशिक अस्पताल भद्रपुरको नयाँ भवनमा बिरामीले पुर्जा काट्नकै लागि युद्ध लड्नुपर्छ जस्तो अवस्था छ। उपचारको लागि टाढा-टाढाबाट आएका बिरामी र उनीहरूका परिवारजन पुर्जा काट्ने काउन्टरमै ठेलमठेलमा परेर हैरान हुन्छन्।

भवन नयाँ बनेको छ, तर प्रणाली भने अझै अव्यवस्थित छ। काउन्टर करिब पाँच फिटभन्दा अग्लो भएकाले होचो उचाइ भएका मानिसलाई भित्रका कर्मचारी देख्नै मुस्किल पर्छ। कर्मचारीले बिरामीको नाम सोध्दा आवाज बाहिर स्पष्ट आउँदैन, बिरामीले चिच्याएर नाम भन्नुपर्छ। तर त्यस्तो चिच्याहट पनि प्रायः नबुझिने गुनासो सेवाग्राहीले गरेका छन्।

एक जना सेवाग्राही भन्छन्, “कम्तिमा बिरामी त थाकेर आएका हुन्छन्। त्यसरी ठेलमठेलमा कसरी उभिन सक्छन् ? अस्पतालले यति पनि व्यवस्थापन गर्न सक्दैन?“

त्यस्तै, बिरामी बच्चा बोकेर लाइनमा उभिएकी एक महिलाले गुनासो पोखिन्, “बच्चा बिरामी भएर आएको छु। एक घण्टाभन्दा बढी लाइनमा बस्दा कति दुःख हुन्छ। नयाँ भवन बनेपछि त नयाँ प्रणाली पनि हुनु पर्छ नि।” “यति ठुलो अस्पतालमा एउटा सानो टोकनको व्यवस्था मात्र गरिदिए हामी बिरामीहरु आफ्नो टोकन लिएर आफ्नो पालोमा पुर्जा लिन सक्थ्यौ, तर यसमा व्यवस्थापन समितिको ध्यान जादैन।”

सिनेमा हलको भीड सम्झाउने यस्तो अवस्था अस्पतालमा देखिनु विडम्बना हो। सेवा लिन आउने धेरैले अनुमान गरेका छन्, धनी वा पहुँचवालाहरू त ठूला निजी अस्पतालमा जान्छन् वा भित्रबाटै नाम टिपाउँछन् । यहाँ मुख्यतया सामान्य आर्थिक अवस्था भएका मात्रै आउँछन्, त्यसैले व्यवस्थापनमा कसैको ध्यान नपुगेको हो कि भन्ने प्रश्न पनि उठेको छ।

एक महिनामै १४ सयभन्दा बढीमा स्क्रब टाइफस

झापा । मनसुन सक्रिय भएसँगै ‘माइट’ नामक सूक्ष्म किराको टोकाइबाट सर्ने स्क्रब टाइफसका बिरामी देशभरका ५० जिल्लामा देखिएका छन् ।

स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार एक महिनायता मात्र यसबाट १ हजार ४ सय १४ जना सङ्क्रमित भएका छन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा यो रोगका बिरामी छिटपुट मात्रामा भर्ना भइरहेको अस्पतालले जनाएको छ । स्क्रब टाइफस ‘ओरिन्सिया सुसुगामुसी’ नामक ब्याक्टेरियाका कारण हुन्छ । मुसामा पाइने माइट (एक प्रकारको सानो सुलसुले) मार्फत यो ब्याक्टेरिया मानिसमा सर्ने गर्छ ।

महाशाखाका अनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा देशभर ८ हजार २४९ जनालाई यासको सङ्क्रमण भएको पाइएको थियो ।

सरुवा रोग विशेषज्ञ शेरबहादुर पुनका अनुसार जब मानिस झाडी वा घाँस भएको ठाउँमा जान्छ, त्यहाँ रहेका माइटले टोकेपछि यो रोग लाग्ने गर्छ । महाशाखाका निर्देशक डा. चन्द्रभाल झा पनि विशेषगरी झाडी, खेतबारी र घाँसे मैदानमा काम गर्ने व्यक्तिहरू यसको उच्च जोखिममा रहने बताउँछन् ।

यो रोग खासगरी ग्रामीण क्षेत्रमा बढी देखिने उनको भनाइ छ । बर्खामा बस्तुभाउ चराउन लैजादाँ, जङ्गल खेतबारीमा दाउरा घाँस काट्न जाँदा स्क्रब टाइफसको सङ्क्रमण हुन सक्छ । गोठमा बस्तुभाउको स्याहार सम्भारका क्रममा पनि यो रोग लाग्न सक्ने चिकित्सकहरू बताउँछन् ।

इक्यान...

मर्यादित र व्यवस्थित बनाउन आवश्यक सहयोग गर्न जिल्ला प्रशासन कार्यालय तयार रहेको उल्लेख गरे । पछिल्ला समय वैदेशिक रोजगारी तथा अध्ययनका नाममा हुने ठगीका घटनालाई आफूहरुले निगरानी गरिरहेको भन्दै कसैलाई राज्यको नियम र कानुन विपरीतका कार्य गर्ने छुट नभएको उल्लेख गरे ।

ज्ञापनपत्र बुझाउन नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाका पदाधिकारी, कार्यसमति सदस्य तथा इक्यान झापाका सदस्यहरुको सहभागिता रहेको थियो ।

दमकमा फुटसल प्रतियोगिता सञ्चालन गरिने

दमक(प्रस) ।दमक उद्योग बाणिज्य संघले ३५ औं स्थापना दिवसको अवसर पारेर वस्तुगत संघहरुविच फुटसल प्रतियोगिता सञ्चालन गर्ने भएको छ। आफ्नो स्थापना दिवसमा संघमा आबद्ध व्यवसायीहरुबिच फुटसल प्रतियोगिता सञ्चालन गर्न लागेको सोमवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

व्यवसायीहरुलाई स्वास्थ्य सचेतना जगाउन र आन्तरिक मित्रता प्रगाढ बनाउन पनि फुटसल प्रतियोगिता आयोजना गरिएको उद्योग बाणीज्य संघ दमकका अध्यक्ष देवीप्रसाद गुरागाईं गोपालले जानकारी दिए । स्थापना दिवसको अवसरमा अधिल्लो दुई बर्षदेखि फुटसल प्रतियोगिता सञ्चालन गरिएको र यस बर्ष पनि प्रतियोगितालाई निरन्तरता दिइएको उनले बताए ।

संघले आफ्नो स्थापना दिवसको अवसर पारेर यहि भदौ ५ र ६ गते दुई दिन प्रतियोगिता सञ्चालन गर्न लागेको फुटसल कार्यक्रमका संयोजक तुलसीराम तिम्सिनाले जानकारी दिए।

पत्रकार सम्मेलनकै विच प्रतियोगितामा सहभागी १० वटा टिमहरु विचको टाईसिट सार्वजनिक गरिएको छ । सोहि कार्यक्रममा प्रतियोगितामा सहभागी वस्तुगत टिमका प्रतिनिधिहरुबाट गोला तान्दै टाईसिट बनाइएको थियो । संघका कानुनी सल्लाहकार संयोजक नारायण केसीले टाईसिट सार्वजनिकको लागि गोला सञ्चालन गरेका थिए ।

प्रतियोगितामा जुत्ता चप्पल, स्वास्थ्य, मोबाइल, सुनचाँदी, अटो मोबाइल, रेडिमेड कपडा, किराना तथा खाद्यान्न, होटल, फर्निचर तथा फर्निसिङ र निर्माण व्यवसायीहरुको वस्तुगत संघ गरि १० वटा टिमविच प्रतिस्पर्धा हुने छ ।

प्रतियोगिताको बिजेता टिमले ३३ हजार ३३३ रुपैयाँ र उपविजेता टिमले २२ हजार २२२ रुपैयाँसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन् भने बिधागत बिजेताहरुलाई समेत पुरस्कार वितरण गरिने उद्योग बाणिज्य संघ दमकका तृतीय उपाध्यक्ष रुबल अधिकारीले जानकारी दिए ।

झापा ५ मा कांग्रेसनिकट लोकतान्त्रिक खेलकुद संघ गठन

गौरादह(प्रस) । लोकतन्त्रप्रति आस्थावान राख्ने झापा, क्षेत्र नं ५ का खेलाडीहरु संगठित भएका छन् । नेपाली काग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकुद संघको सोमबार सम्पन्न प्रथम क्षेत्रीय , प्रदेश सभासहित चार वटा स्थानीय तहका संघमा आस्था राख्ने खेलाडीहरु संगठित भएका हुन् ।

गौरादह २ स्थित वीपी स्मृति भवनमा आयोजित अधिवेशनले फुटवलका प्रशिक्षकसमेत रहेका चन्द्रकुमार गिरी अध्यक्ष रहेको क्षेत्रीय समितिसहित एकैसाथ दमक, गौरादह, गौरीगञ्ज र कमलको नेतृत्व चयन गरेको हो । त्यसैगरी, केन्द्रीय महाधिबेशन प्रतिनिधिमा कमलका रोशन दाहाल र गौरादहका ताराकुमार श्रेष्ठ चुनिएका छन् । यस्तै, प्रदेश सभा ५ (क) को अध्यक्षमा कुमार इम्सुहाङ , प्रदेश प्रतिनिधिहरुमा खुलातर्फ तर्क सुब्बा, सन्तोष विष्ट र महिलातर्फ रेखा राजवंशी चुनिए । त्यस्तै, प्रदेशसभा ५ (ख) को अध्यक्षमा प्रशिम श्रेष्ठ,खुलातर्फ मिलन ढकाल, दिवस नेम्बाङ र महिलातर्फ मिरा काफले चयन भएकी छन् ।

सोहि अधिबेशनले युनिस कुँवर अध्यक्ष रहेको लोकतान्त्रिक खेलकुद संघ दमक नगर समिति,नरबहादुर प्रसाई अध्यक्ष रहेको गौरादह समिति र बुद्धराज थेवे अध्यक्ष रहेको कमल लोकतान्त्रिक खेलकुद संघ गठन गरिएको नेपाल तरुण दलका केन्द्रीय सदस्य रोशन विष्टले जानकारी दिए ।

यसैगरी, गोपाल गिरी क्षेत्रीय समितिको सल्लाहकार संयोजक ,प्रदेशसभा (क) को सल्लाहकार संयोजकमा दिपक राई र प्रदेशसभा (ख) को सल्लाहकार संयोजकमा जितु धिमाल चयन गरिएको जनाइएको छ ।

पार्टीका क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीको अध्यक्षता तथा पार्टीका जिल्ला उपसभापति शेरवहादुर भट्टराईको प्रमुख आतिथ्यतामा भएको अधिबेशनमा पार्टीका प्रदेश सभा (क) का अध्यक्ष जीवन राई, (ख) का अध्यक्ष रवि केसी न्यौपानेलगायतले बोलेका थिए । महिलाहरुको उपस्थिति बिना सम्पन्न भएको अधिबेशन उद्घाटनमा काग्रेस कोशी प्रदेश सदस्य प्रकाश कार्की , महाधिवेशन प्रतिनिधिहरु भुपालराज कटवाल, हेमन्त कार्की , गौरादह २ का वडाअध्यक्ष गोपाल कोइरालालगायतको उपस्थिति रहेको थियो ।

भारत लाँदै गरेको २७ वटा बाख्रा बरामद



कुमरखोद(प्रस) । अवैध रुपमा नेपालबाट भारत लाँदै गरेको २७ वटा बाख्रा प्रहरीले बरामद गरेको छ। तीनवटा टेम्पोबाट सरुज्ञाबाट ल्याउँदै गरेको अवस्थामा झापा गाउँपालिका वडा १ को लसुना भन्सारमा प्रहरीले चेकजाँचको क्रममा ती बाख्रा बरामद गरेको हो ।

बरामद गरिएका बाख्राहरुलाई भद्रपुर भन्सार कार्यालय पठाएको इलाका प्रहरी कार्यालय कुमरखोदले जनाएको छ ।

टेवल पंखा मर्मत गर्दा करेन्ट लागेर राजवंशीको मृत्यु

झापा(प्रस) । टेवल पंखा मर्मत गर्दा करेन्ट लागेर झापाको मेचीनगरमा एकजनाको मृत्यु भएको छ। सोमवार साँझ ५ बजे मेचीनगर ५ भेटघाट चौक बस्ने २२ वर्षीय संदिप राजवंशी आफ्नै घरको टेवल पंखा बिग्रिएर मर्मत गर्ने क्रममा अचानक करेन्ट लागेर अचेत भएका थिए । उनलाई उपचारको लागि आम्दा अस्पताल धुलावारी पठाएकोमा उपचारको क्रममा डाक्टरले साँझ ६ बजे मृत घोषणा गरेका थिए । इलाका प्रहरी कार्यालय धुलावारीबाट प्रहरी निरीक्षक पाण्डवलाल राजबंशीको कमाण्डमा टोली खटिएर अनसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पूर्वीनाकाबाट तयारी कपडाको आयात घट्यो

• लक्ष्मी उप्रेती

मेचीनगर । पछिल्लो समय तयारी कपडाको आयात पूर्वी सीमा नाका काँकरभिट्टाबाट घटेको छ । मेची भन्सार कार्यालय काँकरभिट्टाको पछिल्लो दुई वर्षको तथ्याङ्क अनुसार तयारी कपडाको आयात २२ दशमलव ८ प्रतिशतले घटेको हो ।

आर्थिक वर्षक २०८०–८१ मा काँकरभिट्टा नाका भएर ४० करोड ४८ लाख ६८ हजार रुपैयाँका तयारी कपडा आयात भएको अभिलेख कार्यालयसँग छ । कार्यालयले यसबाट १३ करोड ६८ लाख ७८ हजार रुपैयाँ राजस्व संकलन भएको भन्सारले जनाएको छ । सबैभन्दा बढी प्रतिशत राजस्व कमि भएका मुख्य दश वस्तुहरुको सूचीको नवौं स्थानमा तयारी कपडा छ ।

नेपालमा खुलेका स्तरीय नेपाली गार्मेन्ट उद्योगका कारण रेडिमेड लत्ता कपडाको मूल्य, गुणस्तर र डिजाइन निकै लोकप्रिय छन् । उपभोक्ताले पनि स्वदेशी उत्पादनलाई रुचाएका कारण दुई वर्षदेखि तयारी कपडामा अन्यत्रको मुख ताक्नुपर्ने अवस्था नरहेको बताइएको छ ।

तयारी कपडामा महिला, पुरुष र बालबालिकाले लगाउने सबैखाले पोशाक पर्छन् । चिनियाँ जिन्स पाइन्ट, टिसर्ट, स्विटर, ज्याकेट नेपाली बजारमा सबैभन्दा बढी खपत हुने तयारी कपडा हुन् ।

अघिल्लो आवको तुलनामा गत आर्थिक वर्ष २०८१–८२ मा आयात २२ दशमलव ८ प्रतिशतले कमि छ । गत आवमा यो नाका भएर २९ करोड ६९ लाख ९१ हजार रुपैयाँका तयारी पोशाक आयात भएको थियो । त्यस वापत १० करोड ५६ लाख ५९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८०–८१ को तुलनामा गत आर्थिक वर्ष २०८१–८२ मा तीन करोड १२ लाख १९ हजार रुपैयाँ राजस्व कम संकलन भएको छ ।

खासगरी चाडपर्व नजिकिँदै गर्दा चाडपर्व लक्षित गर्दै व्यापारीहरुले तयारी कपडा आयात गर्ने भन्सार अधिकारीहरुको भनाई छ । नेपालीहरूको महान् चाड दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै व्यापारीहरूले एकैपटक ठूलो परिमाणमा लत्ताकपडाको आयात गर्ने गर्दछन् । नेपालमा विशेषगरी भारत, चीन, थाइल्यान्ड, दक्षिण कोरिया, इन्डोनेशियालगायत मुलुकबाट तयारी कपडाको आयात गर्ने गरिन्छ ।

आयात घट्नलाई नेपाली उद्योगी व्यवसायीहरुले सकरात्मक सन्देश भनेका छन् । नेपाली कपडाको उत्पादन राम्रै भए पनि आयात प्रस्थापन गर्न नेपाली उद्योगीका समस्या समाधानतर्फ सरकार लाग्नुपर्ने र स्थानीय कपडा उत्पादनलाई सरकारले प्रोत्साहन गर्न जरुरी रहेको उद्योगीहरुको भनाई छ ।

‘अघिल्लो वर्षको सोही अवधिको तुलनामा तयारी कपडाको आयात झण्डै २२ प्रतिशत भन्दा बढीले घटेको छ । ’ एकजना कपडा व्यापारीले भने, यो नेपाली उद्योगी व्ययसायीहरुका लागि सुखद सन्देश हो ।’

एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.

संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई सूचना

सूचना प्रकाशित मिति : २०८२।०५।०३

यस विकास बैंकका संस्थापक शेयरधनी निरेश बहादुर श्रेष्ठले आफ्नो नाममा रहेको संस्थापक शेयर ९२,१८८ (बयानन्वे हजार एक सय अठासी) कित्ता सेयर विक्री गर्ने इच्छा जाहेर गरी निवेदन गर्नु भएको र संचालक समितिको बैठकमा पेश हुँदा उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम यस विकास बैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय भएकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावलाई विकास बैंकको संस्थापक शेयर खरिद गरी लिने इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस विकास बैंकको केन्द्रीय कार्यालय विर्तामोड झापामा के कति शेयर कित्ता खरिद गरी लिनु हुने हो सो व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्वन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको इच्छा जाहेर हुन नआएमा वा सवै शेयर खरिद गरी लिन निवेदन नपरेमा बाँकी रहन गएको शेयर कित्ता प्रचलित नियमानुसार अन्य व्यक्तिलाई विक्री गर्ने सम्वन्धी आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं

बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

डेंगी के हो ?

डेंगी लामखुट्टेबाट सर्ने भाइरल सङ्क्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,हेडेसारी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र छाड दुख्ने, शरीरमा विभिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, बान्ता हुने, पखाला सायी पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

डेंगीबाट बच्न के कर्म गर्नुपर्दछ ?

- बिहान, दिउँसो, राति खुलदुली बेला झुल लगाएर मात्रै खुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउने लामखुट्टे धपाउने विधिहरु जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्ने नदिन घरको झ्यालढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिराखेको खाल्डामा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राख्नेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन पोल्टाएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार सहित भएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लक्षणसहित नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जानकारीका लागि

बिर्तामोड नगरपालिका

झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

मलको व्यवस्था गर

नेपाल कृषिप्रधान देश हो । अहिले पनि ६२ प्रतिशतभन्दा बढी नेपाली कृषि पेसामा संलग्न छन् । अर्थतन्त्र, रोजगारी र निर्वाहका लागि कृषिकर्म गरिँदै आइएको छ तर यो पेसामा लागेका किसान सन्तुष्ट छैनन् । कहिले मलको त कहिले बिउबिजनको अभावले किसानलाई बेचैन बनाएको छ । मलको अभावले कृषि उत्पादकत्व मात्र होइन, राष्ट्रिय खाद्य सुरक्षा र ग्रामीण जीवनयापनलाई पनि कमजोर बनाएको छ । देशमा पर्याप्त सिँचाइ सुविधा छैन । आकासे पानीको भरमा खेती गर्नुपर्ने अवस्था छ । तराई मधेशमा हिउँदे, चैते र बर्खे गरी तीन बाली लगाइन्छ । पहाड र हिमाली क्षेत्रमा प्राय: हिउँदे र बर्खे बाली हुने गर्छ । बाली लगाउने र गोडमेलका बेला जहिले पनि मलको अभाव हुँदै आएको छ । कृषिप्रधान देशमा रासायनिक मलको कारखाना छैन । लामो समयदेखि मलको कारखाना बनाउने योजना बनाइएको छ तर बनाउन सकिएको छैन । त्यसै कारणले विभिन्न देशबाट मल आयात गर्नुपर्ने बाध्यता छ । यसमा पनि प्राय: सबै रासायनिक मल भारत र चीनबाट आयात हुन्छ । सरकारले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत अनुदानमा मल वितरण गर्दै आएको छ । यद्यपि आयातको मात्रा प्राय: मागको तुलनामा कम छ । वार्षिक रूपमा देशलाई लगभग १२ लाख मेट्रिक टन मल चाहिन्छ । आधिकारिक आयातले यो मागको ४० देखि ५० प्रतिशत मात्र पूरा गर्छ । बाँकी अनौपचारिक माध्यमबाट काम चलाउने गरिएको छ ।

कतिपय अवस्थामा मलका लागि किसानले चर्को मूल्य तिर्नु पर्छ । यो विसङ्गतिले गम्भीर समस्या निम्त्याउने गरेको छ । मलको खरिदमा पनि लामो टेन्डर प्रक्रिया समावेश छन् । यसमा सरोकारवालाबिच समन्वयको अभाव छ । मल निर्यातकर्ता देशसँग आपूर्ति सम्झौता सुरक्षित गर्न ढिलाइले झन् समस्या बढाउँछ । अभावले आर्थिक प्रभाव पर्ने गर्छ । कृषि उत्पादनमा कमी आउँदा कृषकको घरायसी आय घटाउँछ र ग्रामीण समुदायमा गरिबी बढाउँछ । जसले गर्दा खाद्यान्नमा हुने मूल्यवृद्धिको प्रभावले मुद्रास्फीति निम्त्याउँछ । यसले देशव्यापी उपभोक्तालाई असर पार्छ । आर्थिक चुनौतीको सामना गरिरहेको देशका लागि मलको अभावले कृषिमा मन्दी आउँदा राष्ट्रिय अर्थतन्त्रमा ठुलो बोझ थोपरिन्छ । रासायनिक मल किन्न भनेर सरकारले बर्सेनि रकम विनियोजन गरे पनि मलको भने सधैँ अभाव भइरहन्छ । किन यस्तो हुन्छ ? किसानले किन समयमै मल पाउन्नन् ? यस्ता प्रश्न बारम्बार उठ्ने गरेका छन् ।

दलित अधिकारको कार्यान्वयन

• रामजी दाहाल

मुलुकभरका ७५३ स्थानीय तहका लागि २०७९ मा भएको निर्वाचनमा प्रमुख/अध्यक्षको कार्यकारी पदमा पुग्नेमा दलित समुदायबाट मात्र आठ जना छन् भने उपप्रमुख/उपाध्यक्षमा १३ जना । यसैगरी छ हजार ७४३ वडामध्ये १४७ वडामा दलित समुदायका वडाध्यक्ष पुग्न सकेका छन् । यसबाहेक स्थानीय तह निर्वाचन ऐनले वडा समितिमा रहने कुल पाँच सदस्यमध्ये एक स्थान दलित महिलाका लागि आरक्षण गरे अनुसार छ हजार ७४३ जना दलित महिला वडा सदस्य हुनुपर्नेमा १५० वडामा कसैको पनि उम्मेदवारी परेन । जसले गर्दा ती ठाउँ अहिले पनि रिक्त छन् । अर्थात् उपस्थितिका आधारमा हेर्ने हो भने स्थानीय तहमा दलितको संख्या छ हजार ७४९ छ ।

लामो समयदेखि समाजमा दबिएर बस्न बाध्य दलित महिला सामाजिक, आर्थिक, शैक्षिक कुनै पनि हिसाबले अगाडि आउन सकेका छैनन् । कानुनी व्यवस्था अनुसार वडा सदस्यमा प्रतिनिधित्व भए पनि उनीहरूको सक्रिय भूमिका हुन सकेको छैन । स्थानीय तह निर्वाचन ऐनले वडा समितिमा महिला किटान नगरी दलितको प्रतिनिधित्व मात्र भनेको भए उनीहरूको भूमिका थप फराकिलो हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

स्थानीय तहको तुलनामा प्रादेशिक संरचनामा दलितको उपस्थिति ज्यादै न्यून छ । सात प्रदेशका कुल ५५० प्रदेश सभामा छ जना पुरुष र २५ जना महिला गरी ३१ जना मात्र छन् । जसमा दुई जना प्रत्यक्ष निर्वाचित हुन् भने बाँकी समानुपातिक । यो भनेको प्रदेश सभाको कुल सदस्यको ५.६३ प्रतिशत मात्र हो । प्रदेश सभामा सबैभन्दा धेरै मधेश प्रदेशबाट सात जना छन् भने सबैभन्दा थोरै बागमती प्रदेशबाट दुई जना । संख्यात्मक हिसाबले बागमतीबाट न्यून प्रतिनिधित्व देखिए पनि जनसंख्याका आधारमा प्रदेशगत रूपमा हेर्दा यसलाई त्यति अस्वाभाविकै मानिँदैन ।

मधेशमा सबैभन्दा धेरै १६.५ प्रतिशत दलित छन् भने बागमतीमा सबैभन्दा थोरै ५.९ प्रतिशत । संसद्मा समावेशीको धमिलो चित्र देखिए पनि प्रदेश सरकार दलितको विषयमा समावेशी विरोधी देखिएका छन् । सुदूरपश्चिम प्रदेशमा हिरा सार्की सात प्रदेशका एक्लो मन्त्री हुनुहुन्छ । प्रदेश सरकारले उहाँलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिएको छ । यसै गरी संघीय संसद्मा कुल २७५ स्थानमध्ये एक जना प्रत्यक्ष निर्वाचित र १५ जना समानुपातिकबाट निर्वाचित हुनुहुन्छ । नेकपा (एमाले) का छविलाल विश्वकर्मा संघीय संसद्मा निर्वाचित एक्लो दलित सांसद हुनुहुन्छ । पछिल्लो समय भएका राजनीतिक परिवर्तनकै कारण दलित समुदायमा नेतृत्व उत्पादनको बाटो खुलेको हो ।

राज्यका विभिन्न निकायमा दलितको सहभागिता क्रमशः बढ्नुका पछाडि त्यसैको काम गरेको छ । लोक सेवा आयोगको आरक्षणसम्बन्धी नीतिका कारण सरकारी सेवामा प्रवेश गर्नका लागि उनीहरूलाई सहज भएको छ । नेपाली सेना र नेपाल प्रहरीमा जस्ता सुरक्षा निकायमा पनि दलितको उपस्थिति क्रमशः बढ्दो छ । यसरी संख्यात्मक हिसाबले राज्यका विभिन्न निकायमा दलित समुदायको उपस्थिति देखिए पनि उनीहरू निर्णायक भूमिकामा पुग्न अझै सकेका छैनन् ।

संवैधानिक व्यवस्था

प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट २०७२ असोज ३ गते जारी नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । यति मात्र होइन, संविधानका विभिन्न धारामा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा गराइने प्रतिनिधित्वका बारेमा प्रस्ट उल्लेख छ । सामाजिक न्यायको हकसम्बन्धी धारा ४२ को उपधारा (१) मा भनिएको छ, सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने छ ।

यसैगरी मन्त्रीपरिषद्को गठनसम्बन्धी धारा ७६ को उपधारा ९ मा भनिएको छ, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रीपरिषद् गठन गर्ने छ । संविधानमा यसरी उल्लेख गर्नुको मुख्य कारण सामाजिक, राजनीतिक आन्दोलनले स्थापित गरेको समानुपातिक समावेशीको मुद्दा नै हो । संविधानमै उल्लेख गरेपछि दलहरूले व्यावहारिक कार्यान्वयनमा ल्याउने आम बुझाइ थियो । स्थानीय, प्रदेश र संघीय सरकार गठनलाई हेर्दा दलका नेताहरू इमानदार देखिएका छैनन् । सात प्रदेशमा एक्लो दलित मन्त्री बनाएको राजनीतिक नेतृत्वले संघीय सरकारमा दलित समुदायको प्रतिनिधित्व शून्य पार्नु दलितप्रतिको विभेदपूर्ण व्यवहार हो । यसबाट पनि प्रस्ट हुन्छ कि कानुन बनाएर मात्र हुँदैन, कार्यान्वयन महत्वपूर्ण पक्ष हो ।

निर्णायक तहमा दलितको उपस्थिति न्यून देखिए पनि पछिल्लो समय शिक्षामा उनीहरू निकै अगाडि देखिएका छन् । यसले पनि उनीहरूलाई समाजमा थप सशक्तीकरण बनाएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको १३.४ प्रतिशत दलित छन् । शैक्षिक दृष्टिकोणबाट हेर्दा नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत छ । योमध्ये दलितको साक्षरता ६७.४ प्रतिशत छ । प्रदेशगत रूपमा हेर्दा कोशीको जनसंख्या ९.७ प्रतिशत, मधेशको १६.५, बागमतीको ५.९, गण्डकीको १९.२, लुम्बिनीको १४.४, कर्णालीको २३.५ र सुदूरपश्चिमको १७.५ प्रतिशत रहेको छ । साक्षरताका हिसाबले मधेश सबैभन्दा अगाडि छ । जहाँ ७७.९ प्रतिशत दलित समुदायका नागरिक साक्षर छन् । प्रतिशतका हिसाबले सबैभन्दा धेरै जनसंख्या रहेको कर्णालीको दलित साक्षरता दर भने सबैभन्दा कम ४९.१ प्रतिशत रहेको संघीय संसद्मा पुगेको राष्ट्रिय दलित आयोगको चौथो वार्षिक प्रतिवेदनमा उल्लेख छ । सुदूरपश्चिममा दलितको साक्षरता दर ७२.३, लुम्बिनीमा ७३.३, गण्डकीमा ७०.०, बागमतीमा ७२.४, मधेशमा ७७.९, कोशीमा ७६.४ प्रतिशत दलित समुदायको साक्षरता दर रहेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले आफ्नो प्रतिवेदनमार्फत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहलगायत विभिन्न निकायलाई दलित हक अधिकारसम्बन्धी नीतिगत, कानुनी र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि सिफारिस गरेको छ । ती सिफारिस कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको प्रतिवेदनमा उल्लेख छ । दलितका हक अधिकारलाई सशक्त बनाउन भनेर २०५८ सालमा स्थापना भएको राष्ट्रिय दलित आयोगले संवैधानिक हैसियत पाइसकेको छ । आयोगका गतिविधि हेर्दा यो एउटा राजनीतिक भर्तीकेन्द्र जस्तो हुन पुगेको छ । किनभने आयोगले दलितका मुद्दालाई जसरी उठाउनुपर्ने थियो त्यसमा आयोग चुकेको छ । किनभने दलितमाथि भएका हिंसा र उत्पीडनका विषयमा आयोगले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकेकै छैन ।

दलितलाई सशक्तीकरण गर्ने सवालमा उच्च राजनीतिक नेतृत्वको अनुदारपूर्ण व्यवहारप्रति दलित अगुवा नै मौन छन् । आफ्नो समुदायप्रति भएको उपेक्षाको उनीहरूले खुलेर विरोध गर्न सकेका छैनन् । हरेक पार्टीका दलित अगुवा यसमा चुकेका छन् । नेतृत्वका सामु उहाँहरू निरीह देखिनुभएको छ । यसरी आमरूपमा हेर्दा आफू र आफ्नो समुदायको मुद्दासमेत उठान गर्न नसक्नेले सिङ्गो मुलुकको मुद्दालाई कसरी उठाउन सक्लान् भनेर उहाँहरूको क्षमतामाथि नै प्रश्न गर्ने बेला आएको छ । होइन भने दलीय घेराबाट माथि उठेर सबै दलमा आबद्ध दलित अगुवाले राजनीतिक नेतृत्वलाई पर्याप्त दबाब दिन सक्नु पर्छ । त्यसो नगरी आशामुखी भएर बस्ने हो भने फेरि पनि दलित अगाडि बढ्न सक्दैनन् । दलित अगुवाले आफ्ना मुद्दा सम्बोधनका लागि आँखा चिम्लेर बसेको राजनीतिक नेतृत्वलाई झक्झक्याउनै पर्छ ।

नेपाली कांग्रेसको समर्थनमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन हुनुअघि भएको सातबुँदे सहमतिको एउटा प्रमुख बुँदा संविधान संशोधनसम्बन्धी रहेको छ । राजनीतिक वृत्तमा संविधान संशोधनको बहस चलिरहेका बेला राजनीतिक दलका सबै तहका समितिमा दलितको प्रतिनिधित्व अनिवार्य गर्ने संवैधानिक व्यवस्था गर्नु पर्छ । यसै गरी समावेशी मुद्दालाई औपचारिक रूपमा स्विकारेर मात्र हुँदैन, दलितलाई निर्णायक तहमा लैजान आवश्यक नीतिगत र कानुनी सुधार पनि उत्तिकै जरुरी हुन्छ । संवैधानिक र कानुनी रूपमा दलित हक अधिकार स्थापित भए पनि कार्यान्वयनका विषयमा राज्य अझै उदार हुन सकेको छैन । अनुदारवादी राज्यलाई दलितका हक अधिकार कार्यान्वयनका लागि दबाब दिने मूल दायित्व प्रमुख राजनीतिक दलका दलित अगुवाकै हो ।

कारागार सुधारको खाँचो

• बिष्णुकुमारी लामिछाने

जीवनकालमा बाटो बिराएकालाई सजाय दिन र गल्तीको महसुस गरी सच्चिन प्रोत्साहन गर्ने स्थान हो कारागार अर्थात् जेल । कारागारको कैद अवधिमा रहँदा विगतका जस्ता गलत परिवेशबाट संयमित रहँदै सभ्य र अनुशासित रूपमा सच्चिएर व्यवहार गर्न सक्ने सचेत नागरिक तयार गर्नुपर्ने हो ।

तथापि भवितव्य परेर, आक्रोशमा आएर, अन्जानमा वा योजनाबद्ध तवरले मानिसले गरेको अपराध स्वरूप निजलाई सजायको भागेदार बनाउँदै गर्दा झनै आक्रामक बनाउने वातावरणको सिर्जना हुनुले कारागार प्रशासनको छवि बिग्रँदै गएको देखिन्छ ।

विशेष अवसरमा अदालतबाट फैसला हुँदा तोकिएको कैद सजाय पूरै भुक्तान गर्न नपर्ने गरी आममाफी पाएका व्यक्ति हुन् या पटक पटक जेल जीवन बिताएर कैद सजाय भुक्तान गरेका नै किन नहुन् उनीहरूले दोहोऱ्याइ तेहऱ्याइ गरेका हर्कतबाट पनि पुष्टि हुन्छ कि कारावासले उनीहरूको मानसिकतामा सकारात्मक परिवर्तन ल्याउन सकिरहेको छैन । बालबिज्याइँमा परेका बालबालिकालाई सुधार गर्न राखिएका बालसुधार गृह र बालिगहरूलाई राखिने कारागारमा अचेल अनियन्त्रित झडपका घटनाहरू भइरहनुले पनि कारागार सुधार केन्द्रको रूपमा कैदीबन्दीको सारथी बन्न नसकिरहेको प्रस्ट हुन्छ ।

नेपालमा १८ हजारको हाराहारीमा क्षमता भएका ७५ वटा कारागारमा २८ हजारभन्दा बढीको सङ्ख्यामा कैदीबन्दी राखिँदा पनि सेवा सुविधामा अवरोध सिर्जना हुने देखिन्छ । कतिपय भौतिक पूर्वाधार जीर्णोद्धार हुँदै गइरहेका छन् । खचाखचको अवस्थामा कैदीबन्दी हुँदा शौच गर्न पनि पालो नआउने दर्दनाक अवस्था भोग्नु परेको छ ।

मौसम अनुकूलका संरचना नहुनुले पनि उनीहरूको दैनिकी निकै कष्टपूर्ण भइरहेको हुन्छ । पर्याप्त खानेपानी, सरसफाइ र स्वास्थ्य सेवाको न्यूनतम व्यवस्थापन हुन नसक्दा कतिपय स्थानमा महामारीजन्य रोगहरू फैलिरहने समस्याबाट गुज्रिनुपरेको हुन्छ ।

आचरण, अनुशासन र मनस्थितिमा सुधारभन्दा पनि दण्डलाई प्राथमिकता दिने पद्धतिको विकास हुनुले पनि कारागार जीवन व्यतीत गर्नेहरूमा सकारात्मक परिवर्तन ल्याउन सकिएको छैन । कारागारमा मुढा बुन्ने तालिमबाहेक अरू सिर्जनात्मक काममा बन्दीलाई उपयोग गर्न सकिएको छैन ।

उनीहरूको आपराधिक मानसिकतामा परिवर्तन ल्याउन मनोसामाजिक परामर्शका कार्यक्रम, योगाभ्यास, ध्यान, प्रणायाम तथा सकारात्मक सोचका अभ्यास गराउने विषयमा ध्यान पुगेको छैन । पारिवारिक जीवनमा भएको व्यक्ति त खाली समय बस्नुपर्ने अवस्था भएमा बिग्रिने डर धेरै हुन्छ भने थुनिएर बसेको मानिसमा समयको उपयोग हुन नसक्दा त के हुन्छ होला ? गम्भिर भएर सोच्नु जरुरी छ ।

कारागारको मुख्य समस्याको रूपमा नाइके, भाइनाइके प्रणाली, राशनपानीको व्यवस्थापन पद्धति र तोकिएको कैद अवधिमा छुट हुने असमान व्यवस्था रहेका छन् । कारागारमै बस्दा कोही लाखौँ कमाएर निस्कनै नचाहने अवस्थामा हुने त, कोही सामान्य सिपसम्म सिक्न नपाउँदा कैद भुक्तानपश्चात् समाजमा फर्किएपछि जीवनयापन गर्न कठिन हुने अवस्थामा पुग्नेसम्मको अवस्था भोगिरहेका छन् । कारागार प्रशासनलाई नै विकृत बनाएका यी पद्धतिहरूमा जबसम्म सुधार ल्याउन सकिँदैन तबसम्म कारागार सुधारको परिकल्पनासम्म गर्न सकिँदैन ।

कारागार प्रशासनमा राज्यको हाबी हुनु पर्छ न कि कैद जीवन व्यतीत गरिरहेका व्यक्तिको । राज्य संयन्त्र निरीह बनेर आपराधिक गतिविधिमा संलग्न भएको कुनै व्यक्तिले उस्तै प्रकृतिको अर्को कैदीमाथि राजनीति गर्ने अधिकार कसरी प्राप्त गर्छ ? जेलभित्रै सुविधा दिने बहानामा कैदीको राशनमाथि खेलबाड गर्ने छुट प्रदान किन गरिन्छ ? बन्दीहरू समूहमा विभाजित भई आक्रामक बन्दै गइरहँदा सुधारका पहलहरू किन गर्न सकिएन ? मोबाइल, मदिरा वा लागुपदार्थ जस्ता निषेधित वस्तु कैदीसम्म कसरी पुग्छन् ? यी र यस्तै प्रश्नहरू तेर्सिएका छन् अहिले ।

कैदीबन्दीमा गरिने भेदभावपूर्ण व्यवहार निकै पेचिलो बन्दै गइरहेको छ । विशिष्ट व्यक्ति कैदीको रूपमा जेल चलान हुँदा उनीहरूको लागि खाना र बसोबासका लागि सुविधाजनक व्यवस्था मिलाइन्छ । मोबाइल, पत्रपत्रिकालगायतको पहुँच उपलब्ध गराइन्छ । कैद अवधि छोट्याउँदै आममाफीसमेत प्रदान गरिन्छ भने पहुँचविहीन कैदीहरू कष्टपूर्ण जेल जीवन बिताइरहेका हुन्छन् । पर्याप्त शौचालय, खानेपानी, स्वास्थ्य सेवा तथा पौष्टिक आहारको कमी एकातिर छ भने अर्कोतर्फ पहुँचवालाको दबदबा र दादागिरीले कारागारको जीवन अस्तव्यस्त बनाएको छ ।

भनिन्छ, सुधारको विकल्प सुधार नै हो । बेलाबखत भइरहने बालसुधार गृह र कारागारका घटनाहरूबाट पाठ सिक्दै सुधारका पहलकदमी अगाडि बढाउनु पर्छ । भारत, बेलायत, फिलिपिन्स, जर्मनीलगायतका मुलुकले खुला कारागारको अभ्यास गरिरहेका छन् । रोजगारी, शिक्षा, सिप तथा अवसरको माध्यमबाट कैदीमा मनोवैज्ञानिक सुधार ल्याई पारिवारिक पुनर्स्थापना गर्नका लागि यो अवधारणा उपयुक्त मानिन्छ । खुला कारागारमा कैदीलाई कम नियन्त्रण र निगरानी गरिन्छ भने आत्मनिर्भरता र पुनर्संरचनामा जोड दिइन्छ । यसले उनीहरूको मनोविज्ञानमा प्रभाव पार्ने र पुनर्आगमनलाई रोक्न मद्दत गर्छ । कैदी बन्दीले केही समय जेल जीवन बिताएपश्चात् उसको आनीबानीमा भएको सुधारको आधारमा खुला कारागारमा राख्न सकिने व्यवस्था मिलाउँदा उनीहरूमा सकारात्मक प्रभाव पर्छ ।

कैदीबन्दीको खाली समयको व्यवस्थापनमा जोड दिएर अहिलेको अस्तव्यस्तता हटाइ व्यस्तमस्त रहने परिपाटीको सिर्जना गर्नैपर्ने देखिन्छ । पर्याप्त सिपमूलक तालिम, सिपको उपयोग र वस्तुको बजारीकरणमा कारागार प्रशासनले जोड्न सक्नु पर्छ । कारागारमा रहेका बन्दीहरूलाई लघु उद्यमसँग जोड्न सकेमा मात्र पनि अहिले भइरहेका बेथितिलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । जेल जीवनमा मात्र होइन कैद भुक्तानपश्चात् पारिवारिक पुनर्स्थापना हुँदासमेत यसले समायोजनमा धेरै सहयोग पुऱ्याउँछ । फेरी गलत बाटोमा लाग्नबाट बचाउँछ, समयको उपयोगतर्फ डोऱ्याउँछ, आम्दानीको अवसर दिलाउँछ र पारिवारिक एवं सामाजिक जीवनलाई मर्यादित बनाउन टेवा पुऱ्याउँछ ।

काराबासको समयमा मनोपरामर्श साथै सकारात्मक सोच पैदा गर्न समय समयमा प्रवचन, ध्यान, योगाभ्यास सञ्चालन गर्नु पर्छ । उनीहरूले भूलवश या नियतवश गरेका गल्ती र अपराधको प्रायश्चित गर्न सक्ने वातावरण सिर्जना हुनु पर्छ ।

यसले व्यक्तिमा रहेको विषाक्तपनलाई हटाइ संयमित, सभ्य र अनुशासित बन्न सघाउनुका साथै दिनप्रतिदिन कारागारभित्र हुँदै आइरहेका हिंसाका घटनामा कमी ल्याउन मद्दत पुग्छ ।

कारागारलाई केवल बन्दीगृहको रूपमा सजाय दिने थलो मात्र नभई सुधार गर्ने स्थानको रूपमा विकास गर्दै लैजानु पर्छ । जेल जीवन बिताइरहेका व्यक्तिको मानव अधिकार संरक्षण गर्दै न्यूनतम आवश्यकता परिपूर्ति गर्ने पूर्वाधार विकासमा जोड दिनुपर्ने देखिन्छ । कारागारभित्रको आन्तरिक प्रशासनलाई चुस्त, पारदर्शी, मितव्ययी बनाउँदै कोही शक्तिशाली त कोही निरीह बन्नुपर्ने र हिंसात्मक अभ्यास भइरहने हालको कानुनी व्यवस्थाको तत्काल अन्त्य गरिनु पर्छ ।

डिस्ट्रिक गभर्नर अफिसियल क्लब भिजिट

मेचीनगर(प्रस) । रोटरी अन्तर्राष्ट्रिय डिष्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाको 'डिस्ट्रिक गभर्नर अफिसियल क्लब भिजिट' आइतबार सम्पन्न भएको छ । मेचीनगर–६ काँकरभिट्टास्थित स्थानीय होटल ग्रेसमा सम्पन्न कार्यक्रममा क्लबको सन् २०२५/२६ को तेस्रो 'क्लब एसेम्ब्ली' नियमित साप्ताहिक बैठकसमेत गरिएको थियो ।

क्लबका अध्यक्ष उदयकुमार श्रेष्ठको अध्यक्षता भएको कार्यक्रममा रोटरी अन्तर र्ाष्ट्रिय डिष्ट्रीक ३२९२ नेपाल भुटानका डिस्ट्रिक गभर्नर विनोद कोइराला, डिस्ट्रिक सेक्रेटरी सुवास सिग्देल, रिजन सेभेनका सहसचिव एवम् क्लबका पूर्व अध्यक्ष सुजन प्रधान, असिस्टेन्ट गभर्नरहरु इञ्जिनियर रुद्र मैनाली, निकिता गिरीलगायतको टोली 'डिस्ट्रिक गभर्नर अफिसियल क्लब भिजिट'मा सहभागी थियो ।

डिस्ट्रिक गभर्नर विनोद कोइरालाले शुरुमा क्लबको हालसम्मको गतिविधि समेटिएको लिखित प्रतिवेदन अध्ययन गरेका थिए । सोहि अवसरमा रोट्रयाक्ट क्लब काँकरभिट्टाका पदाधिकारी सदस्यहरुसँग समेत छुट्टाछुट्टै छलफल गरेका थिए ।

कार्यक्रममा क्लब एडमिनिस्ट्रेशन चियर रोहितकुमार बुढाथोकी, रोटरी फाउन्डेसन चियर, मोहन निरौलाको तर्फबाट पूर्व अध्यक्ष इञ्जिनियर रुद्र मैनाली, मेम्बरसीप कमिटी चियर रीता प्रधान, पब्लिक इमेज चियर भगिरथ राई, सर्भिस प्रोजेक्ट चियर दीपेन्द्रराज पाण्डेको तर्फबाट कोचियर कमल गुभाजु, यूथ सर्भिस चियर पेमा तामाङले सन् २०२५/२०२६ को हालसम्मको अवधिमा क्लबले भए गरेका र आगामी दिनमा गर्ने भावी योजनासहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्ष श्रेष्ठले आफूले पदभार ग्रहण गरेयता नियमित बैठक, अतिथि वक्ताका रुपमा प्रशिक्षणमुलक कार्यक्रम, बोर्डको बैठक, अन्तर्राष्ट्रिय रोटरी डिस्ट्रीक ३२९२ 'क्लब अफिसर्स लर्निङ्ग सेमिनार' विर्तामोडमा सहभागी, रोट्रयाक्ट क्लब काँकरभिट्टा र मेचीनगर म्यूनिसीपलसँगको संयुक्त बैठक, बृक्षारोपणलगायतका काम सम्पन्न गरिएको टोलीलाई जानकारी गराए । उनले योजना अनुसार नै अगष्टमा'क्लब एसेम्ब्ली' तथा डीजी भिजीट तय गरिएको बताए ।

उनीहरुले प्रस्तुत गरेको प्रतिवेदनमाथि डिस्ट्रिक गभर्नर कोइरालाले सुझावसहितको टिप्पणी गरेका थिए । प्रतिवेदनका विषयमा डिस्ट्रिक गभर्नर कोइरालाले राखेको जिज्ञाशामा क्लबका अध्यक्ष उदयकुमार श्रेष्ठ र सम्बन्धित चियरहरुले जवाफ दिएका थिए ।

उनले क्लबले गरेका हरेक गतिविधिहरुलाई जनमानससमक्ष पुर् याउन र कुनै पनि सामाजिक काम गर्दा अन्य संघ संस्थाहरुसँग समन्वय गरेर गर्दा राम्रो हुने सुझाव दिएका थिए । उनले प्रतिवेदनमा समेटिएका योजनाहरुलाई सम्बन्धित पक्षको आवश्यकताका आधारमा समयमै सम्पन्न गर्न समेत सुझाव थिए । योजना छनौट गर्दा त्यसको आवश्यकता र भावी दिनमा त्यसको सञ्चालन र रेखदेखमा समेत ध्यान दिन डिस्ट्रिक गभर्नर कोइरालाले सुझाव दिए ।' रोटरीले आवश्यकताका आधारमा योजना सम्पन्न गर्ने हो ' उनले भने, ' निर्माण पछिको सञ्चालन र रेखदेखको जिम्मा सम्बन्धित पक्षलाई दिनुपर्दछ । रोटरीले सबै काम गर्दैन् ।'

डिस्ट्रिक सेक्रेटरी सुवास सिग्देल, रिजन सेभेनका सहसचिव एवम् क्लबका पूर्व अध्यक्ष सुजन प्रधान, असिस्टेन्ट गभर्नर निकिता गिरीले समेत विभिन्न सुझावसहित हालसम्म क्लबले धेरै काम गरेको र अझै निक्कै गर्न बाँकी रहेको नियमितरुपमा त्यसलाई पनि पुरा गर्ने विश्वास व्यक्त गरेका थिए । उनीहरुले आफ्नो लागि मात्र नभएर समाजका लागि पनि केही गर्नुपर्छ भन्ने सकारात्मक सोच र निःस्वार्थ भावनाले समाजमा केही गरौं भन्ने विभिन्न क्षेत्रमा सक्रिय उद्योगी व्यवसायीहरु तथा विभिन्न पेशामा रहेका मानिसहरु मात्र रोटरीमा अटाउने विचार राखेका थिए ।

सोहि अवसरमा क्लबको सन् २०२५/२६ को तेस्रो 'क्लब एसेम्ब्ली' नियमित साप्ताहिक बैठकसमेत सम्पन्न भयो ।

कार्यक्रममा क्लबका पूर्वअध्यक्षहरु इञ्जिनियर रुद्र मैनाली, डाक्टर आनन्दराज खनाल, अशोक श्रेष्ठ, दिलिप सुवेदी, राधिका गुरुङ, सुजन प्रधान, कृष्णकान्त (नवराज) खनियाँ क्लबका विभिन्न जिम्मेवारीमा रहेका कृष्णराज पौडेल, युवराज भट्टराई, लक्ष्मीदेवी खनियाँ, विजया तामाङ, कमल गुभाजु, उषा प्रधान, शरद खनाल, गीता आचार्य, दुर्गाबहादुर लुइटेल, पेमा तामाङ, भगिरथ राईलगायतको सहभागिता रहेको क्लबका मिडिया संयोजक लक्ष्मी उप्रेतीले जानकारी दिए ।

सन् २०२५/२०२६ का सेक्रेटरी रविन सुवेदीले सञ्चालन गरेको कार्यक्रममा सहभागी सबैलाई सन् २०२५/२०२६ का प्रेसिडेन्ट इलेक्ट लक्ष्मीदेवी खनियाँले शब्दमार्फत स्वागत र प्रथम उपाध्यक्ष कृष्णराज पौडेल धन्यवाद ज्ञापन गरेका थिए ।

डाक्टर पुनको पुस्तक रोटरीमा

वैज्ञानिक डाक्टर महावीर पुनको आत्मकथा "महावीर पुन सम्झना, सपना र अविर यात्रा " पुस्तक रोटरी अन्तर्राष्ट्रिय ३२९२ नेपाल भुटान अन्तर्गत रोटरी क्लब अफ काँकरभिट्टाले २३ वटा खरिद गरेर सहयोग गरेको छ ।

आइतबार काँकरभिट्टास्थित होटल ग्रेसमा भएको "डिस्ट्रिक गभर्नर अफिसियल क्लब भिजिट" का अवसरमा क्लबका सदस्यहरूले उक्त पुस्तक खरिद गरेर सहयोग गरिएको क्लबका अध्यक्ष उदयकुमार श्रेष्ठले बताए । डाक्टर पुनले डिस्ट्रिक गभर्नर रोटरियन विनोद कोइरालालाई पुस्तक हस्तान्तरण गरेर विक्री खुला गरेका थिए ।

डाक्टर पुन पुस्तक बेच्दै महाकालीबाट मेचीसम्म

• **लक्ष्मी उप्रेती**

झापा । महावीर पुन एक नेपाली वैज्ञानिक, शिक्षक, सामाजिक उद्यमी तथा हिमालयका दुर्गम क्षेत्रहरूको विकसित तारारहित प्रविधिको प्रयोगमा आफ्नो व्यापक कार्यका लागि प्रसिद्ध एक अभियन्ता हुन्, जसलाई नेपाल वायरलेस नेटवर्किङ परियोजना पनि भनिन्छ । उनी नेपालका बहुचर्चित व्यक्तित्व हुन् उनको कार्यलाई अशोका फाउन्डेसन, रमन म्याग्सेसे फाउन्डेसन, नेब्रास्का विश्वविद्यालय र ग्लोबल आइडियाज बैंकले मान्यता दिएको छ । उनी एक मानवतावादी हुन् जसको कामले धेरै युवाहरूलाई आफ्नै देश फर्काउन र देश विकासको लागि देशको सेवा गर्न प्रेरित गरिरहेको छ ।

वि.सं. २०११ साल माघ ९ गते म्याग्दी जिल्लाको नागी गाउँमा जन्मिएका डाक्टर पुनले गाउँकै एउटा विद्यालयमा कक्षा ७ सम्म अध्ययन गरे । पुनलाई बुवाले कक्षा १२ सम्म पढाए । तर आर्थिक अवस्था कमजोर भएका कारण उनले स्नातक गर्न पाएनन् । त्यसपछि झन्डै १३ वर्षसम्म विभिन्न विद्यालयमा पढाए ।

त्यसैक्रममा उनले अमेरिका र यूरोपका विभिन्न विश्व विद्यालयमा आवेदन दिए । ३३ वर्षको उमेरमा अमेरिकाको एक विश्वविद्यालयमा पढ्न आंशिक छात्रवृत्ति पाए । सुरुका दिन त उनलाई आवेदन स्वीकृत नहुँदा पढ्न पाउँदिन भन्ने लागेको थियो रे ।

तर विश्वविद्यालय जान पाइने खबर अचानक सुनेपछि निकै खुसी भएर थप पढाइको लागि अमेरिका हान्निएका थिए । सन् १९८९ मा पुनले नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गरे । पढाइमा निकै मिहिनेत गरे । अनि पढाई सकेर नेपाल फर्किए । स्नातकोत्तरको अध्ययन सकेर २४ वर्षपछि आफ्नै नाङ्गी गाउँ फर्केपछि उनले दिगो शिक्षाको आवश्यकता महसुस गरे । त्यसपछि शुरुमा डाक्टर पुनले हिमाञ्चल उच्च माविको स्थापनाबाट शैक्षिक संस्थाको यात्रा अघि बढाए । कम्प्युटर शिक्षा र आय स्रोत वृद्धिलाई ध्यानमा राखी उनले आफ्नो कार्यक्रम अगाडि बढाउँदै देशलाई विकासको ज्योतितिर अग्रसर गराउन थाले ।

सन २००१ मा ब्रिटिस ब्रोडकास्ट कर्पोरेसन बीबीसीले उनको गाउँगाउँमा इन्टरनेटको पहुँच पुऱ्याउने महत्वकाँक्षी योजनालाई विश्व समुदायमाझ पेस गरिदिएको थियो । त्यो वर्ष पुनको जीवनको स्वर्णिम वर्ष रहन गयो । बीबीसीको यस समर्थनबाट युरोप र अमेरिकाबाट विभिन्न सहयोगी दाताहरूले पुनलाई आर्थिक सहयोग गरेका विभिन्न अध्ययनबाट थाहा पाईन्छ । त्यही सहयोगबाट उनले नाङ्गी र राम्चे आसपासका गाउँहरूमा तारारहित इन्टरनेट सञ्चालन गर्न सफल भएका थिए ।

पुन 'इन्टरनेट हल अफ फेम','समग्र सामाजिक नवीनता पुरस्कार', जोनाथन बी पोष्टल अवार्ड, एसियाको नोबेल पुरस्कारले चिनिने 'रोमन म्यागसेसे पुरस्कार' जस्ता विभिन्न सम्मानद्वारा सम्मानित भइसकेका छन् । त्यसपछि डाक्टर पुनले सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाहरूको खोज र आविष्कार गर्ने उद्धेश्यले मुनाफारहित संस्था राष्ट्रिय आविष्कार केन्द्रको वीरगञ्जमा स्थापना गरेका थिए । उनले राष्ट्रिय आविष्कार केन्द्रमा हाल १५ प्रकारका कृषि औजार उत्पादन भइरहेको जानकारी दिए ।

ती उपकरण भविष्यमा पालिकाका साना किसानका लागि लाभदायक हुने उनले विश्वास व्यक्त गरेका छन् । यस्तो विशाल योजनालाई मूर्तरुप दिन ठूलो आर्थिक सहयोगको खाँचो हुने भएकाले पुनले नेपाल सरकारको ढोका बारम्बार ढक्ढकाए । राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक ७१ वर्षीय डाक्टर महावीर पुन किताब बेच्दै सुदूरपूर्व आइपुगेका छन् ।

वीरगञ्जमा कृषि औजार कारखाना स्थापना गर्ने उद्देश्यले उनी किताब बेचिरहेका छन् । २०८१ सालको तिहार मनाएर आजभन्दा चारसय ९९ दिनअघि पश्चिम महाकालीको बैतडीबाट शुरु भएको किताब बेच्ने अभियानका क्रममा देश दौडाहामा छन् डाक्टर पुन । यसैक्रममा राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष समेत रहेका डा. पुनको आत्मकथा ' महावीर पुन सम्झना, सपना र अविरल यात्रा' पुस्तक बिक्रीका लागि उनी यतिखेर झापा आइपुगेका छन् । दुई महिनादेखि झापाका चोक बजार र गल्ली गल्ली सरकारी कार्यालय, शैक्षिक संस्थामा देखिन्छन् उनी । झापाको विर्तामोड, दमक, बाह्रदशी, भद्रपुर, बुद्धशान्तिलगायतका पालिकामा स्थानीय सामाजिक संस्था र युवाहरूको अगुवाइमा उनको किताब किन्ने अभियान सञ्चालन भईसकेको छ ।

भद्रपुरमा भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल, प्रसिद्ध उद्योगी दिपेश ढकाल, पूर्वनगरप्रमुख जीवनकुमार श्रेष्ठलगायतले विक्री अभियानको नेतृत्व गरे । झापाका थुप्रै पालिकामा उनको अभियान सम्पन्न भएर भद्रपुरपछि मेचीनगरमा आइपुग्दा मेचीनगरमा मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना पोख्रेल उप्रेती, पूर्व नगरप्रमुख विमल आचार्य र संस्थापक नगरप्रमुख रविन कोइराला किताब किन्न एउटै कार्यक्रममा देखिए । त्यससँगै बालकृष्ण थापा, केवलराम राई, देवेन खरेललगायत थुप्रै युवाहरुको मेचीनगरमा मिहेनत पनि उल्लेखनीय देखियो ।

शुक्रबारबाट नेपाल प्रवेशको पूर्वको पहिलोद्वार काँकरभिट्टाका गल्ली गल्लीमा माइकमा कराउँदै किताव बेचिरहेका छन् पुन यतिखेर । उनका विषयमा पढेका र उनलाई बुझेकाहरुले पहिलो पटक उनलाई देख्दा अचम्म नै मान्छन् । विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मानले सम्मानित व्यक्तित्व यसरी सादगी जीवन बिताएर हिँडेको देखेर धेरैलाई सक्कली महावीर पुन नै हुन् कि भन्ने अचम्म लाग्न सक्छ । व्यक्ति त उनी अति साधारण हुन् । धेरैले भन्ने गर्छन् 'सादा जीवन, सरल व्यवहार र उच्च विचार' तर थोरैले मात्र अपनाउन सक्छन्, यो आदर्श । उनको किताब किन्नेहरु उनीसँग तस्बीर खिचाउने गर्दछन् उनी पनि ती किताबमा रातो मसीले आफ्नो हस्ताक्षर गर्दै किताब दिने गर्दछन् ।

मेरो विचारमा त्यस्ता थोरै मध्येमा पर्ने व्यक्ति डाक्टर पुन पनि हुन् । कोही साधन, स्रोत र शक्ति नभएर त्यस्तो हुनु अर्कै कुरा हो तर अवसर र सामर्थ्य भएर पनि सादा जीवन, सरल व्यवहार र उच्च विचारमै रहनु महानता हो। त्यही महानता डाक्टर पुनसँग छ । खुट्टामा पुराना फित्ते चप्पल छ । शीरमा हाते तानमा बुनेको ढाका मैलो पुरानो टोपी । निहुरमुन्टी लगाएर मोवाइलमा घोत्लिरहने, साधारण देखिने टि सर्ट, थोरै दोबारेको सेतो सामान्य पेन्ट उनको बाहिरी रुप । तीन लाख प्रति पुस्तक बेच्ने लक्ष्य राखेका उनले ४३ औं जिल्लाका रुपमा झापा आइपुग्दा हालसम्म दुई लाख ३० हजारभन्दा बढी किताब विक्री भईसकेको र सबै खर्च कटाएर १२ करोड रुपैयाँ जम्मा भएको भन्दै उनले यो पैसा राष्ट्रिय आविष्कार केन्द्रमा खर्च गर्ने बताउँछन् ।

नेपालमा कुल जनसंख्याको ८० प्रतिशत साना किसान रहेको र उनले तीनै किसानलाई लक्षित गरेर कृषि औजार तयार गर्ने बताएका छन् । यो अभियानलाई उनले केवल किताब विक्री गर्ने उद्धेश्य मात्र हो भनेर नबुझ्दिन सबैसँग आग्रह समेत गर्दछन् । 'कारखाना चलाएर सामान बनाएर बेचेर पैसा कमाउने मेरो उद्धेश्य होईन' उनले हरेक ठाउँ ठाउँ यहि भन्छन्, 'कारखाना चलाएर समाज सेवा गर्ने, साना किसानहरुलाई आवश्यक औजार तयार गर्ने । ' राष्ट्रिय आविष्कार केन्द्र नामक संस्था खोलेर उनले नेपालका प्रतिभालाई स्वदेशमा राखेर सहयोग गर्ने र उद्यमी बनाउने लक्ष्य राखेका छन् रे । क्षमतावान युवाहरुले उद्योग कलकारखाना खोलेर रोजगारी सिर्जना गर्नुका साथै देशको अर्थतन्त्र मजबुत बनाउन लागून् भन्ने उनको ध्येय छ ।

३० वर्षपहिले बन्द भएको कारखाना सञ्चालनमा ल्याएर कृषिमा आमूल परिवर्तन गर्न सकिन्छ । सरकारले रुचि नदेखाएपछि आफैंले अभियानको थालनी गरेको उनको भनाइ छ । डा. पुन सामाजिक सञ्जालमा नेताहरूलाई गाली गरेर मात्र युवाहरू बस्न नहुने, देशका लागि आ-आफ्नो तर्फबाट सानो भए पनि योगदान गर्नुपर्ने, कुनै सीप भए रोजगारका लागि आफूकहाँ आउनुपर्ने समेत भन्दै आइरहेका छन् । कृषि औजार स्थापना हुन सके त्यसमा झण्डै छ सय जतिले रोजगारी पाउने र हाल सम्पूर्ण कृषि औजारहरू छिमेकी देश भारत र चीनबाट भित्रिने गरेको उनको दबी छ ।

नेपालमै कृषि औजार कारखाना स्थापना भएमा त्यसले कम्तीमा ६/७ प्रतिशत मात्रै आयात रोक्न सके पनि त्यो मुलुकका लागि ठूलो उपलब्धि हुनसक्ने डाक्टर पुनको भनाई छ । उनको भनाई सापट लिएर भन्नु पर्दा –'सारा युवा विदेश पलायन भइरहँदा निराश युवाहरूमा आफ्नो सोचाई परिवर्तन गराउनु र उनीहरूमा प्रेरणा थप्नु यतिखेर अति आवश्यक छ । ' डा.महावीर पुनको जीवनबाट हामीले धेरै कुरा सिक्न सक्छौं ।

त्यो झापा भदौ दोस्रो साता बजारमा आउने

झापा(प्रस) । समग्र झापाको इतिहास समेटिएको त्यो झापाः औलोको प्रकोप, बसाइँसराई र भूमिसुधार नामक पुस्तक प्रकाशनमा आउने भएको छ । झापाका पत्रकार एवम् लेखक तीर्थ सिग्देलको आठौं कृतिको रुपमा भदौं दोस्रो सातादेखि यो किताब बजारमा आउन लागेको हो । किताबमा झापा जिल्ला गठन भएयताको इतिहास समेटिएको र त्यस कालखण्डको जनजीवन, भोगाई र संघर्षका घटनाहरु समावेश गरिएको लेखक सिग्देलले जानकारी दिए । उनका अनुसार पुस्तकमा १९७२ सालमा मोरंग जिल्लाबाट झापा बनेपछिको यो जिल्लाको इतिहास संकलन गरिएको छ भने औलोको प्रकोप, बसाइँसराई र भूमिसुधारसँग सम्बन्धित घटनाहरुका जीवित पात्रहरुका बयान गराइएको छ । इतिहास बिधाको लेखकको यो तेस्रो पुस्तक हो । यसअघि उनका पूर्वको राजनीति र बिर्तामोड उद्भव र विकास प्रकाशित भइसकेको छ । त्यसैगरी आख्यान र गैर आख्यान क्षेत्रमा उत्तिकै कलम चलाउन सक्ने लेखक सिग्देलका जीवनको गति, मनोनेट र मनको कैदी



नामक कथासंग्रह, एक दिन समय कथा नामक यात्रा संस्मरण र विर्सिएका सपनाहरु नामको निवन्ध संग्रह प्रकाशित भइसकेको छ ।

लेखकले भन्नुभएको छ, मुलतः यो किताब त्यो कालखण्डको कथा हो, पीडाको आवाज हो, जतिबेला नेपालमा राणा शासनको जगजगी थियो र प्रजातन्त्रका लागि मानिसहरु छट्पटाइरहेका थिए । तराईमा औलो, कालाजार, बिफरको प्रकोप थियो अनि पहाडमा मानिसहरु खान नपाएर मर्ने अवस्थामा थिए । त्यो झापाः औलोको प्रकोप, बसाइँसराई र भूमिसुधार किताब त्यही समयको प्रतिविम्ब हो, चित्र हो । विगत तीन दशकदेखि सक्रिय पत्रकारितामार्फत् लेखन क्षेत्रमा दह्रो पाइला चालेका तीर्थ सिग्देलले मूलतः अनुसन्धामूलक एवम् ऐतिहासिक पक्षलाई आफ्नो लेखनको आधार बनाएको पाइन्छ । यो किताबको त्यो समय र एक शताब्दीको त्यो कालखण्डमा मानिसहरुले बाँच्नका लागि गरेको संघर्ष र सत्ताले गर्ने व्यवहार अनि भूमिमाथिको अधिकारको सवाल र लडाइले खासगरेर आजको समृद्ध झापा निर्माण गर्न मद्धत पुगेको लेखकको निष्कर्ष छ । पुस्तक मिडिया रिसर्च सेन्टर (एमआरसी बुक्स)ले प्रकाशन गरेको हो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष नयां वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

वृष महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुरालें मनमा शान्ति छाउनेछ ।

मिथुन आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्सा ।

कर्कट नयां ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

सिंह आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

कन्या मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

तुला आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

वृश्चिक सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ

धनु आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

मकर घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

कुम्भ राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

मिन परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।